नेपाल NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड

**NEPAL SBI BANK LTD.**

# पुरानो एटिएम कार्ड (Magnetic Stripe) लाई चिप युक्त (Chip Based) एटिएम कार्डले प्रतिस्थापन (replacement) गर्ने सम्बन्धमा

कार्डबाट हुने कारोबारहरुलाई सुरक्षित, भरपर्दो एवम समय सापेक्ष बनाउँदै लाने क्रममा नेपाल एसबिआई बैंकले आफ्नो एटिएम कार्डहरुलाई चिप प्रबिधी युक्त (Chip Based) बनाइसकेको जानकारी गराउँदछौं. बैंकले चिप युक्त (Chip Based) कार्डहरु जारी गरिसकेको भएता पनि यस बैंकका कतिपय ग्राहकहरुसँग हालसम्म Magnetic Stripe कार्डहरु भएको पाइएकोले, बैंकले पुराना चिपरहित कार्डहरुलाई खिची नयाँ चिप प्रबिधी युक्त (Chip Based) कार्डहरु वितरण गर्न लागेको जानकारी गराउदैं यसका लागि पुराना Magnetic Stripe कार्ड प्रयोगकर्ता यस बैंकका कार्डधारक खातावालाहरुले यस बैंकको आफुलाई पायक पर्ने नजिकैको शाखामा सम्पर्क राखी नयाँ चिप युक्त (Chip Based) कार्डको लागि आवेदन दिनुहुन अनुरोध गर्दछौं ।

साथै, बैंक वा वित्तीय संस्थाले एक जना व्यक्तिलाई एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) जारी गर्न नपाइने हुँदा साविकको कार्ड बैंकलाई बुझाए पश्चात मात्र निवेदन बमोजिमको नयाँ कार्ड हस्तान्तरण गरिने बेहोरा समेत अनुरोध छ .

नोटः साथै, बैंकले जारी गरेको सम्पुर्ण Magnetic Stripe कार्डहरु मिति २०७५-०३-३२ (तदनुसार २०१८-०७-१६) पश्चात काम नगर्ने हुनाले, ग्राहकहरुलाई यथासिघ्र नजिकको शाखामा सम्पर्क गरी, नयाँ एटिएम कार्डको लागि आवेदन दिनुहुन अनुरोध गर्दछौं ।

यसबाट ग्राहकहरुमा पर्नजाने असुविधा प्रति बैंक क्षमाप्राथी छ ।